**नेपाल राष्ट्र बैंक**
**सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग**
**पुराना सवारी साधनहरु सिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः२०७८/०३/२३
लिलाम सूचना नः सवारी/लिलाम/२०७७/७८/०१

यस बैंकको स्वामित्वमा रहेका देहाय बमोजिमका पुराना सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गनुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्म/कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बोलपत्र फाराम खरिद गरी १६ (सोह्रौं) दिनको १२:०० बजेभित्र (उक्त दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) देहायका शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | लिलाम हुने सवारी साधनको विवरण | बनेको साल | न्यूनतम लिलाम मूल्य (मू.अ.कर सहित रु.) |
|---|---|---|---|
| १. | बा.५ च ८७८९ (महेन्द्रास्कारपियो) | २००७ | ७,३७,०००।०० |
| २. | बा.६ च ९६०७ (सेभ्रोलेट स्पार्क) | २००९ | ३,२१,०००।०० |
| ३. | बा.६ च ९६१० (सेभ्रोलेट स्पार्क) | २००९ | ३,२१,०००।०० |
| ४. | बा.८ च ७२८ (सेभ्रोलेट स्पार्क) | २००९ | ४,११,०००।०० |
| ५. | बा.८ च ७२९ (सेभ्रोलेट स्पार्क) | २००९ | ४,१५,०००।०० |

(१) सिलबन्दी बोलपत्र खुल्ने स्थान, समय र मिति :
(क) स्थान : सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, बालुवाटार
(ख) समय : दिनको १२: ३० बजे
(ग) मिति : २०७८।०४।०७ गते

(२) बोलपत्रसाथ बोलपत्र जमानत बापत आफुले कबोल गरेको रकमको (मू.अ.करसहित) पाँच प्रतिशतले हुन आउने रकम यस बैंकको बैंकिंग कार्यालय बालुवाटारमा रहेको खाता नं. ११०९९०१-०११-०००-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ । बोलपत्र स्वीकृत भएका व्यक्ति, फर्म वा कम्पनीहरुले यस बैंकमा राखेको उक्त धरौटी रकम लिलाम सकारेको सवारी साधनहरुको नामसारी भए पश्चात मात्र फिर्ता गरिनेछ ।

(३) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी बापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ । माथि उल्लेखित न्यूनतम मूल्य बाहेक लाग्ने सम्पूर्ण खर्च एवं भुक्तानी गर्नुपर्ने सम्पूर्ण प्रचलित कर लिलाम सकार्ने पक्षले व्यहोर्नुपर्ने छ ।

(४) बोलपत्र फाराम रु.१,५००।०० (रु. एक हजार पांच सय मात्र) (पछि फिर्ता नहुने) यस बैंकको बैंकिङ्ग कार्यलयमा रहेको खाता नं. ११०००००-०३०-०१२-५२४ मा रकम जम्मा गरी यस बैंकको सम्पत्ति तथा सेवा व्यवस्थापन विभागबाट खरिद गर्न सकिने छ ।

(५) लिलाम हुने सवारी साधनहरु हेर्न/बुझ्न चाहनेले कार्यालय समय विहान १०.०० बजेदेखि दिउँसो ३.०० बजेसम्म यस बैंकको केन्द्रीय कार्यालय, सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग (**सम्पर्क नं.४४१९८०४ (Ext.३७२ र ३६६)** मा सम्पर्क राख्न सकिनेछ ।

(६) लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र ( नवीकरण गरिएको) र स्थायी लेखा नम्वर लिएको वा मूल्य अभिबद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

(७) बोलपत्र सम्बन्धी सूचना यस बैंकको वेवसाईट www.nrb.org.np मा हेर्न सकिने छ ।

नेपाल राष्ट्र बैंक
सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग